
# NEPAL LIVESTOCK SECTOR INNOVATION PROJECT

## Project Districts



# नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना

**परिचय**

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना विश्व बैंकको (आ.डि.ए) ८० मिलियन अमेरिकि डलर ऋण सहयोग सहित कुल ११५ मिलियन अमेरिकि डलरको लागतमा नेपालको पशुसेवालाई सुदृढिकरण गर्दै नविन प्रविधिको माध्यमबाट उत्पादन र उत्पादकत्वको बृद्धि, मूल्यश्रृखलाको विकासको साथै जलवायु उनुकुलन प्रविधिहरुको विकास र उपयोग गर्ने गरि तयार गरिएको आयोजना हो। यो आयोजना आ.व. ०७४/७५ देखी कार्यान्वयनमा आएको छ ।आयोजनाले 2८ वटा जिल्लाका २९० वटा पालिकाहरुमा आफ्ना सेवाहरु संचालन र विस्तार गर्ने छ। आयोजना संचालनको लागि केन्द्रमा आयोजना व्यवस्थापन कार्यालय र मोरङ्ग, हेटौडा, पोखरा र बुटवलगरि चारवटा स्थानमा विकेन्द्रित सहयोग इकाइहरु रहनेछन्।

यस आयोजनामा चारवटा संभाग र आठवटा उप-संभागहरु रहेका छन र यस आयोजनावाट उपलव्ध गराउने अनुदान वीत्तीय सस्थामार्फत गराउने नविनतम प्रयासको सुरूवात गरिएको छ । यस आयोजना मार्फत वाख्राको मूल्य श्रृंखला विकास, दुग्ध मूल्य श्रृंखला विकास र च्याङ्ग्रा मूल्य श्रृंखला विकासमा वीस प्रतिशत कृषक तर्फवाट सो लगानी तीस प्रतिशत वीत्तीय सस्थामार्फत ऋण प्रवाह र वाँकि पचास प्रतिशत आयोजनाको तर्फवाट अधिकतम एक करोडसम्म अनुदान दिने व्यवस्था गरिएको छ । छनौट गरिएका मूल्यश्रृखलामध्ये वाख्रा र दुग्ध आयात प्रतिस्थापन र पस्मिनाले निर्यात प्रर्वद्धनमा सहयोग पुर्याउने लक्ष्य लिइएको छ।

साना तथा मझौला कृषक केन्द्रित यो आयोजनाको अवधिमा करिव पाँच सय जना उद्यमीहरुको तयार हुने र दुई लाख कृषक परिवार पशु सेवा प्रसार कार्यक्रमवाट लाभान्वित हुनेछन्।आयोजनाको अवधि ६ वर्षको हुनेछ।

सम्झौता मिति : २१, जनवरी २०१८ (माघ ७, २०७४ )

आयोजना प्रभावकारी भएको मिति : २८, फेब्रुवरी २०१८ (फागुन १६, २०७४ )

बिश्व बैंक ( आई.डि. ए) ऋण सहयोग: ८० मिलियन यू एस डलर

आयोजना समाप्ति मिति: जुन ३०, २०२३ (अषाढ १५, २०८० )

आयोजना लागु हुने पालिक संख्या : २८ जिल्ला, २९० पालिकाहरु

कार्यक्रम कार्यान्वयन केन्द्रहरु : ५(१आयोजना ब्यवस्थापन ईकाइ तथा ४ बिकेन्द्रित सहयोग ईकाइ)

**आयोजनाको उदेश्य**

पशुवस्तुहरुको उत्पादकत्व वृद्धि, पशुजन्य उत्पादनहरुको मूल्य श्रृंखला अभिवृद्धिका साथै साना पशुपालक कृषकहरु र पहिना गरिएका मूल्य श्रृंखलामा आधारित उद्यमहरुको जलवायु अनुकुलन क्षमतामा सुधार गर्ने।

**आयोजना लागु हुने क्षेत्र**

यो आयोजना नेपालको विभिन्न पाँचवटा प्रदेशका २८ वटा जिल्लामा सन्चालन हुनेछ। केन्द्रमा एउटा आयोजना व्यवस्थापन कार्यालय र सो आयोजना व्यवस्थापन कार्यालयलाई सहयोग पुर्याउन चारवटा विकेन्द्रिकृत सहयोग ईकाइहरु मार्फत यो आयोजना  संघ, प्रदेश र स्थानीय तहको समन्वयमा कार्यान्वयन गरिनेछ ।

| क्र.सं. | **जिल्ला** | **प्रदेश** | **विकेन्द्रिकृत सहयोग ईकाइ रहने स्थान** |
|---|---|---|---|
| **१** | **पाँचथर, इलाम, झापा, धनकुटा, उदयपुर, मोरङ्ग र सुनसरी** | **१** | **विराटनगर** |
| **२** | **सप्तरी , धनुषा, सिराहा, काभ्रेपलाञ्चोक, काठमाण्डौ, मकवानपुर र चितवन** | **२ र ३** | **हेटौडा** |
| **३** | **स्याङ्जा, कास्की, मुस्ताङ्ग, मनाङ्ग, तनहु र म्याग्दी** | **४** | **पोखरा** |
| **४** | **रुपन्देहि,नवलपरासि, नवलपुर, गुल्मी , अर्घाखाँची , कपिलवस्तु , पाल्पा र बर्दिया** | **५** | **बुटवल** |

**आयोजनाका सम्भागहरु**

यो आयोजना संघ, प्रदेश र स्थानीय तहका  सरकारसँगको समन्वयमा  र कृषक समुह, सहकारी र  नीजि क्षेत्रसँगको सहकार्यमा संचालन हुनेछ  भने यसका संभागहरु hard investment (उत्पादनशील पूँजि, पशु सेवा र वजार पूर्वाधार विकाश) का साथै Soft Investment (क्षमता अभिवृद्धि, सस्थागत र नीयमन सुद्धिढिकरण) दुवै एकअर्कामा परिपुरक हुने गरी ब्यवस्था  गरिएको छ । यस आयोजनाको सम्भाग र सो मार्फत संचालन गरीने कार्यक्रमहरुको उद्देश्य निम्नअनुसार हुनेछ।

| सम्भाग | विवरण | उदेश्य |
| --- | --- | --- |
| **क** | **संस्थागत तथा आवश्यक नियामक क्षमता सबलिकरण:** | पशु सेवा क्षेत्रको सुद्धिढीकरणको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तर्गतका क्षेत्रीय, पालीका र स्थानीय तहका कार्यालयको नीति, नियामक रुपरेखा तयारि, सुधार र कार्यान्वयन क्षमता सवलीकरण । |
| **ख** | **पशु सेवा क्षेत्रमा नविनता प्रवर्द्धन तथा पशु सेवा प्रवाहको आधुनिकिकरण** | विशेष मूल्य श्रृंखला (दुध, वाख्रा र च्याङग्रा) को उत्पादन र उत्पादकत्व वृद्धि गर्ने र उत्पादकलाई वजारीकरण गर्न योग्य परिमाण उत्पादन गर्न सहयोग गर्ने।यो अवधारणाले उत्पादनमा असर गर्ने प्रमुख तत्वहरुको ( पशु स्वास्थय, जातीय सुधार, पोषण र वथान व्यवस्थापन) विस्तृत एव उपयुक्त सन्तुलन गर्न सहयोग पुर्याउदछ । |
| **ग** | **बिशेष पशुजन्य उत्पादनहरुमा साना किसान समावेशी मूल्य श्रृंखला प्रबर्द्धन** | आयात प्रतिस्थापना (दुग्ध उत्पादन र खसिको मासु) र निर्यात प्रर्वद्धन(च्याङग्रा पश्मिना)मा सहयोगको पुर्याउने उदेश्यले वित्तीय सस्थाहरुमार्फत नविन अवधारणामा छनौट गरिएका मूल्यश्रृंखलामा अधिकतम रु १ करोड अथवा आयोजनाको कुल लगानीको ५०% जुन कम हुन्छ सो रकम पूरक अनुदानको रुपमा उपलव्ध गराइनेछ। |
| **घ** | **आयोजना ब्यवस्थापन तथा ज्ञान सम्बर्द्धन** | आयोजनाको प्रभावकारि रणनीति, कार्यान्वयनयोग्य योजना निर्माण, अनुगमन एवं कार्यान्वयनको सुनिश्चिता गर्नुका साथै प्राप्त सहयोगको प्रभावकारी परिचालन गरी सम्भाग क,ख,ग र घ अन्तर्गत कृयाकलापहरुका साझेदार/ सरोकारवालसँग समन्वय गर्ने ।<br><br>आयोजनाले स्वीकृती जनाएको सुरक्षाको परिपालना, परिणाम, मध्यकालिन र अन्तिम नतिजा मूल्याङ्कन गर्नुका साथै त्यसले साना किसान/ उत्पादक सस्था/ कृषि उद्यमीहरुमा पार्ने प्रभाव समेत मूल्याङ्कन गर्ने।<br><br>आयोजनको कृयाकलाप, परिणाम,असल अभ्यास र सिकाईवारे विभिन्न सरकारी तथा नीजि क्षेत्रसँग प्रभावकारी संचार गर्ने। |

**आयोजनाको अपेक्षित उपलब्धिहरु**

- दुग्ध उत्पादन गाईको ४५० ली. र भैसीको दुग्ध ६४० ली. प्रति वर्ष उत्पादनवाट ४०% वृद्धी गरिने छ।
- मासुको हाल भैरहेको उत्पादनमा थप ४०% वृद्धी हुनेछ।
- च्याङ्ग्राको उन उत्पादन हाल १५०-१७० ग्राम/प्रति वर्ष/ इकाई भएको मा आयोजनाको अवधिसम्म ८०% ले वृद्धि हुनेछ
- उत्पादित वस्तुहरुको विक्री ३० प्रतिशतले वृद्धी हुनेछ।
- नविन्तम पशु सेवा प्रसारको उपयोग २,००,००० कृषकहरु ले गर्ने छन्।जसमा ४५% महिलाहरुको सहभागी हुने छन्।
- आयोजनाले ५०० वटा उद्यमीहरु लाई (दुग्ध, मासुजन्य र पस्मीना) अनुदान उपलव्ध गराई दुग्ध र मासुजन्यमा आत्मनिर्भर्ताको साथै पस्मीनाको निर्यात प्रवर्धनमा सहयोग पुर्याउने छ।